तिमी बिनाको मेरो देश

- ओमर गुरु

तिमी
दिल्ली र मुम्बईको सडकहरुमा
        बहादुर बनेर पहरा दिन्छौ
मलेसिया र अरबका खाडीहरुमा
        मजदुर बनेर आहारा कमौछौ !
जापान र कोरियाका कारखानाहरुमा
        लाहुरे बनेर डलर कमौछौ !
युरोप र अमेरिकाको पीआर र डिभी खोज्दै
        इमिग्रानते बनेर तेतै हरौछौ !

यदि जन्मभूमि, स्वर्ग बराबरी मान्छौ भने
तिमी किन गरछौ बिदेसिन यसरी मरिहत्ये !!
नुन बिनाको अल्नो तरकारी जस्तै
लाग्छ मलाई तिमी बिनाको मेरो देश !!
"१"

तिमी
तातो रगत र पसिना लगेर
        बिदेसी भूमिमा सिचाई गरछौ !
जोश ,जाँगर , परिश्रम र मेहनतहरुले
        मरुभूमिमा कमलको फुल फ़ुलौछौ !
बैसको जवानी र यौवनलाई थाती राखी
        तेतै कतै फक्रन बाध्य पार्छौ!
भावाना ,विचार ,आस्था र सृजनाहरुलाई
        तेतै कतै बध गरिदिन्छौ!

यदि जन्मभूमि, स्वर्ग बराबरी मान्छौ भने
तिमी किन गरछौ बिदेसिन यसरी मरिहत्ये !!
हावा बिनाको अर्थहीन भकुण्डो जस्तै
लाग्छ मलाई तिमी बिनाको मेरो देश !!
"२ "

तिमीलाई
पौष र माघ महिनाको किरणहरुले
खेत ,बारी ,गाऊ ,घरको र आगनहरुमा खोजिरहेको छ !
दशैँ, पुर्णिमाको टह -टह जुनेली चन्द्रमाले
सोल्टिनी र मारुनीहरुले रोधी घरमा खोजिरहेको छ !
दीपावली , लक्ष्मीपूजा र भाई टिकाको झिलिमिली संगै
दिदी,बाहिनी ,सूर्यमुखी र सयपत्री ,देउसी र भैलोले कुरिरहेको छ !
डाँडा माथिको कालो बादलसँग लुकामारी खेल्ने घाम बनेर
बुबा र आमा बाटो कुरी रहेको छ !

यदि जन्मभूमि, स्वर्ग बराबरी मान्छौ भने
तिमी किन गरछौ बिदेसिन यसरी मरिहत्ये !!
सुगन्ध बिनाको कृतिम फुल जस्तै
लाग्छ मलाई तिमी बिनाको मेरो देश !!

" ३"

तिमीले
मेची देखि महाकाली सम्म
अज्ञानता र अन्धकारको बिरुद्ध लड्नु पर्थ्यो !
हिमाल देखि तराई सम्म
रोग र भोगको बिरुद्ध संघर्ष गर्नु पर्थ्यो !
नदि ,नाला ताल र झार्नको पानीहरुले
यो देशको मुहार फेर्नु पर्थ्यो !
देउराली र पहाडको टाकुराहरुसम्म गाडी गुडाउदै
यो देशलाई संसारमा चिनाउनु पर्थ्यो !

यदि जन्मभूमि, स्वर्ग बराबरी मान्छौ भने
तिमी किन गरछौ बिदेसिन यसरी मरिहत्ये !!
मसि बिनाको महत्वहीन कलम जस्तै
लाग्छ मलाई तिमी बिनाको मेरो देश !!

" ४"

बार्सिलोना, स्पेन
omargurung68@hotmail.com
tel-0034 631 342 819